नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

प्र.जि.अ: ☎ ०७८-५४०२०१
स.प्र.जि.अ ☎ ०७८-५४०६१७
mail:doanawalpur2074@gmail.com

पत्र संख्या :२०८०/०८१
चलानी नं.: ३६३२

मिति: २०८०/११/०६
ने.सं. ११४४ सिल्लाथ्व, ९ आइतवार

विषयः हज आवेदकहरुको हज शुल्क एवं आवेदन फाराम संकलन सम्बन्धी ।

श्री स्थानीय तह सबै,
नवलपरासी (ब.सु.पूर्व) ।

प्रस्तुत विषयमा नेपाल हज समितिको सचिवालय, सिंहदरबार काठमाडौंको च.नं. १४८, मिति २०८०/११/०४ को पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी जानकारीको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(रविन्द्र प्रसाद ढुङ्गाना)
**रविन्द्र प्रसाद ढुङ्गाना**
**प्रशासकीय अधिकृत**

श्री प्रशासन शाखा।
सम्पूर्ण वडा कार्यालयहरुमा जानकारी गराउनुहुन ।
२०८०।११।०८

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ९३०८
मिति ०८०।११।०८

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समितिको सचिवालय

फोन नं.०१-४२११९०४
ईमेल: nepalhaj@gmail.com
वेवसाइट:nepalhajj.moha.gov.np
*सिंहदरबार, काठमाडौं।*

प.सं.: ०८०/८१
च.नं.: १४८

मिति:२०८०।११।०४

श्री प्रशासन.
प्रस्तुत पत्रसाथ संलग्न
सूचना जानकारीका लागि पेश
स्थानीय तहमा पठाउनका लागि
कार्यालयको website मा राख्ने।
११।६.

विषय:- हज आवेदकहरूको हज शुल्क एवं आवेदन फाराम संकलन सम्बन्धी ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा नेपालबाट सन् २०२४ मा हजयात्रा गर्ने नेपाल हज समितिको मिति २०८०/०४/३० एवं मिति २०८०/०७/२२ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम तहाँ जिल्ला प्रशासन कार्यालयमा रित पूर्वक आवेदन दिई दर्ता भएका सबै आवेदकहरूका लागि हज शुल्कको दोस्रो किस्ता वापत प्रति व्यक्ति रू.२,६५,०००/- (दुई लाख पैंसट्ठी हजार मात्र) र उल्लेखित सूचनाको म्याद भित्र आवेदन गर्न छुट भएका हज़यात्रामा जान इच्छुक नेपाली इस्लाम धर्मावलम्वीहरूको लागि हज शुल्क वापत प्रति व्यक्ति एकमुष्ट रू.४,१५,०००/- (चार लाख पन्ध्र हजार मात्र) नेपाल हज समितिको मिति २०८०/११/०२ को निर्णयानुसार निर्धारण भएको र उक्त निर्णयानुसार नेपाल हज समितिका अध्यक्षबाट मिति २०८०/११/०४ को गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आवेदकहरूबाट तहाँ कार्यालयमा प्राप्त हुने राहदानी एवं आवेदन फाराम संकलन गरी रकम बुझाएको बैंक भौचरको सक्कल प्रति र आवेदन फाराम HMIS मा Entry गरिदिने व्यवस्था हुन अनुरोध छ ।

नेपाल हज समितिको सूचना बमोजिम दोस्रो किस्ता बुझाउनु पर्ने अन्तिम मिति (२०८०/११/११) भित्र तहाँ कार्यालयमा संकलन भएका राहदानी र आवेदन फाराम यथा शिघ्र संकलन गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय
दर्ता नं २२९
दर्ता मिति २०८०/११/६

(चोमेन्द्र न्यौपाने)
सदस्य सचिव

नेपाल सरकार

गृह मन्त्रालय

## नेपाल हज समिति

सिंहदरवार काठमाडौं

# सन् २०२४(हज १४४५) को हज शुल्क एवं आवेदन फाराम बुझाउने सम्बन्धी सूचना

प्रकाशित मिति २०८० फागुन ०४ गते

सन् २०२४ (हज १४४५) को हजयात्राका लागि नेपाल हज समितिले मिति २०८० श्रावण ३० गते र मिति २०८० कार्तिक २२ प्रकाशन गरेको सूचना बमोजिम आवेदन गरेका आवेदकहरूले हज शुल्कको दोस्रो किस्ता वापत रू.२,६५,०००/- (दुई लाख पैंसठ्ठी हजार नेपाल हज समितिको राष्ट्रिय वाणिज्य बैंक, सिंहदरवारमा रहेको खाता नं.११३०१००००३९६००१ मा बुझाई सक्कल भौचर र आवेद राहदानी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मिति २०८० फागुन ११ गते सम्म बुझाउनु हुन सम्बन्धित सबैको लागि सूचित गरि साथै यस अगाडिको सूचनाको म्याद भित्र आवेदन गर्न छुट भएका इच्छुक नेपाली इस्लाम धर्मावलम्बीहरूले समेत हज शुल्क वापत एव रू.४,१५,०००/- (चार लाख पन्ध्र हजार मात्र) उल्लेखित बैंकको खातामा बुझाइ आवेदन फाराम सहित सम्वन्धित जिल्ला प्रशासन कार्या सक्कल भौचर र राहदानी बुझाउनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। साथै साउदी अरबको हज तथा उमरा मन्त्रालयबाट तोकिने सर शुल्कमा थपघट भई आएमा सोही बमोजिम हज शुल्कमा थपघट गरी पुन: सूचना गरिने व्यहोरा नेपाल हज समितिको मिति २०८०.प ०२ को निर्णयानुसार सम्वन्धित सबैलाई जानकारी गराइन्छ।

थप जानकारी एवं आवेदन फाराम Download गर्नका लागि नेपाल हज समितिको सचिवालय, सिंहदरवारको वेवसाइट nepal moha.gov.np मा भ्रमण गर्नुहुन र फोन नं ०१-४२११९०४/७२ वा इमेल ठेगाना: nepalhaj@gmail.com मार्फत सम्पर्क गर्न सकिने

शमशेर

अ

नेपाल हज समिति, सिंहदरवार, काठम